## चित्रहरु


तस्विर ३.२ : गुगल नक्शा ( बांके क्षेत्र ) 12

तस्विर ३.१ : गुगल नक्शा ( कालिन्जोर क्षेत्र ) 12

तस्विर ३.४ : गुगल नक्शा ( घाट टोल क्षेत्र ) 13

तस्विर ३.३ : गुगल नक्शा ( रेलवे क्षेत्र ) 13

तस्विर ३.५ : गुगल नक्शा ( १२ नंटोल . क्षेत्र ) 14

तस्विर ३.६ : जिओलोजिकल नक्सा 17

तस्विर ३.७ : माटोको प्रकार 18

तस्विर ३.८ : भू उपयोगिता 19

तस्विर ३.९ : इकोलोजिकल नक्शा 19


## तालिकाहरु


तालिका न३.१.: प्रस्तावको प्रमुख विशेषताहरु 5

तालिका ३२.: संकलनतथा उत्खनन् क्षेत्र र परिमाण/ 9

तालिका ३३.: संकलनउत्खनन् गरिने परिमाणको आंकलन/ 10

तालिका ३आवश्यक मेसिन तथा औजारहरु ४. 11

तालिका ३जनसंख्यको विवरण ५. 14

तालिका ३वनस्पतीका प्रकार ६. 20

तालिका ३जीव प्रकार ७. 20

तलिका नं ६१.: वातावरण ब्यवस्थापन योजना ( उत्खनन्को समयमा ) 28

तालिका नअनुगमन र न्यूनिकरणको खर्चको विवरण ६.२. 32

तालिका नविशेषज्ञ अनुगमन टोली ६.३. 33


Nepal Environment and Engineering Consultancy Services Pvt. Ltd. NEECOS Kathmandu, Nepal

४. प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्ने प्रभाव ........ 21

४सकारात्मक प्रभाव १. ........ 21

४नकारात्मक प्रभाव २. ........ 22

अध्याय पाँच ........ 25

५प्रस्तावक कार्यान्वयनका विकल्पहरु ........ 25

५१. प्रस्ताव कार्यान्वयन नगर्ने ........ 25

५२. प्रस्तावकका विकल्पहरु ........ 26

अध्याय छ ........ 27

६वातावरणीय व्यवस्थापन योजना ........ 27

६१. वातावरणीय व्यवस्थापनका लागि जिम्मेबार निकायहरु ........ 27

६२. अनुगमन र न्यूनिकरणको खर्चको विवरण ........ 32

६३. बातावरणीय ब्यवस्थापन योजना कार्यान्वयनका लागि जिम्मेबार निकायहरुको संगठनात्मक स्वरुप ........ 33

६४. अनुगमन तथा वातावरणीय ब्यवस्थापन योजना र समय तालिका ........ 35

अध्याय छ ........ 37

७निष्कर्ष एवं सुझावहरु ........ 37

७१. नगरपालिकाको प्रतिवद्धता ........ 37

## बिषयसूची


अध्याय एक ........ 1

१. प्रतिवेदन तयार गर्ने संस्थाको नाम र ठेगाना ........ 1

१.१ प्रस्तावकको नाम र ठेगाना ........ 1

१.२ प्रतिवेदन तयार गर्ने संस्थाको नाम र ठेगाना ........ 1

अध्याय दुई ........ 2

२. प्रस्तावकको सारंश ........ 2

२.१ प्रस्तावको पृष्ठभूमि ........ 2

२.२ प्रस्तावको उद्देश्य ........ 3

२.३ प्रारम्भिक वातावरणीय परीक्षणको औचित्य ........ 3

२वातावरणीय प्रभाव ४. ........ 3

२सारांस तथा सुझावहरु ५. ........ 4

अध्याय तिन ........ 5

३. प्रस्तावको सामान्य विवरण ........ 5

३.१ प्रस्तावको किसिम ........ 5

३प्रस्तावको २. प्रमुख विशेषताहरु ........ 5

३ २.संकलन\उत्खनन् र ढुवानी (कार्य र विधि) ........ 7

३ ३.प्रस्ताव क्षेत्रमा ढुङ्गा, गिट्टी तथा बालुवाको दिगो उत्खनन्\संकलन ........ 7

३ ४.संकलन\उत्खनन् गरिने परिमाणको आंकलन ........ 8

३.५ प्रताव कार्यान्वयन हुँदा निष्कासन हुने बस्तुहरु ........ 10

३.६ प्रताव कार्यान्वयन हुँदा प्रयोग हुने ऊर्जा ........ 10

३.७ प्रताव कार्यान्वयन हुँदा जनशक्ति ........ 10

अध्याय चार ........ 21

ईश्वरपुर नगर कार्यपालिकाको मिति
२०७८।६।२३ गतेको बैठकबाट स्वी

**ईश्वरपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**ईश्वरपुर, सर्लाही**

# बाँके खोलाबाट ढुङ्गा, गिट्टी र बालुवा संकलन तथा उत्खनन् कार्यका लागि तयार पारिएको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन

**प्रस्तावक :**
**ईश्वरपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**ईश्वरपुर, सर्लाही**

**२०७७**

# अध्याय एक

## १. प्रतिवेदन तयार गर्ने संस्थाको नाम र ठेगाना

यो प्रतिवेदन सर्लाही जिल्लाको ईश्वरपुर नगरपालिका वडा नं १२ र १३ मा पर्ने बांके खोलाको विभिन्न बगर क्षेत्रबाट ढुङ्गा, गिट्टी तथा बालुवाको दिगो एवं वातावरणमैत्री संकलन तथा उत्खनन् कार्यको लागि तयार हो । वातावरण संरक्षण नियमावली, २०७७ को नियम ७(५) अनुसार, यो प्रतिवेदन बनाइेको हो। प्रतिवेदनको नमुना वातावरण संरक्षण नियमावली, २०७७ को अनुसुची ११ मा राखिएको छ ।

### १.१ प्रस्तावकको नाम र ठेगाना

ईश्वरपुर नगरपालिकाको कार्यालय
ईश्वरपुर, सर्लाही
२ नं. प्रदेश, नेपाल
फोन नं.– ०४६-५७५२०५
Website: http//www.ishworpurmun.gov.np/

### १.२ प्रतिवेदन तयार गर्ने संस्थाको नाम र ठेगाना

नेपाल इन्भाइरोमेन्ट एण्ड इन्जिनिरिङ्ग कन्सल्टेन्सी सर्भिसेस प्रा.लि.

शान्तिनगर, काठमाडौं – ३१, नेपाल

फोन नं.–०१४१०७७४७,९८५१०८८५११

इमेल: necos_nepal@hotmail.com, sanpaf67@gmail.com

सडक निमार्णको गतिलाई हेर्दा सर्लाही जिल्लामा निमार्ण सामाग्रीको माग बढिरहेको छ । ईश्वरपुर नगरपालिकाले यी सामाग्रीको दिगो एवं वातावरणमैत्री संकलन \ उत्खनन् गर्ने योजना बनाएको छ जसले गर्दा स्थानीय रुपमै निमार्ण सामाग्री उपलब्ध हुनेछ साथै प्रकोप न्यूनिकरण पनि हुनेछ । यसबाट नगरपालिकालाई राजश्व संकलन गर्नमा सघाउ पुग्ने र नगरपालिकाको आय श्रोतमा बृद्धि हुने देखिन्छ ।

**२.२ प्रस्तावको उद्देश्य**

ढुङ्गा, गिट्टी, बालुवा जस्ता प्राकृतिक श्रोतहरुको संकलन\उत्खनन् कार्यका निम्न उद्देश्यहरु रहेका छन् ;

- पानीको कारणले हुने प्रकोपहरु जस्तै बाढी, भू-क्षय तथा नदी किनार कटान आदि न्यून गर्ने ।
- ढुङ्गा, गिट्टी, बालुवाको संकलन तथा उत्खनन् कार्यलाई दिगो एवं वातावरण मैत्री बनाउने ।
- रोजगारीका अवसरहरुको श्रृजना गरी राष्ट्रिय आय बृद्धि गर्न सघाउ पुयाउने ।
- स्थानीय श्रोतको सदुपयोग गर्ने ।
- स्थानीय श्रोत संकलन र सदुपयोगको बैधानिक पद्धति कायम गर्ने ।
- स्थानीय बासीहरुलाई रोजगारमा प्राथमिकता दिने ।
- प्रभावित क्षेत्रबाट प्राप्त हुने आम्दानीबाट बिकास निर्माणका कार्यहरु संचालन गर्ने ।
- जनताको आवश्यक्ता तथा वावतावरणमा सन्तुलन हुने ।

**२.३ प्रारम्भिक वातावरणीय परीक्षणको औचित्य**

नदिनाला सतहबाट दैनिक १०० घनमिटर भन्दा बढी ३०० घनमिटर सम्म सामाग्रीको निकाल्न वातावरण संरक्षण ऐन, (२०७६) को दफा ३ र वातावरण संरक्षण नियमावली (२०७७) को अनुसूची २, नियम ३ संग सम्बन्धित ग (७) ,अनुसार प्रारम्भिक वातावरणीय परीक्षण अनिवार्य रहेको छ ।

**२.४ वातावरणीय प्रभाव**

**सकारात्मक प्रभाव**

मुख्यतः प्रस्ताव कार्यान्वयन गर्दा नदीले थुपारेको ढुङ्गा, गिट्टी, बालुवा जस्ता नदीजन्य पदार्थले नदीको सतह बढाउने, नदीले धार फेर्ने र प्रकोप निम्त्याउने जस्ता विपत्तिहरुको रोकथाम हुन्छ

। यसको अलवा प्रस्ताव कार्यान्वयनबाट सम्बन्धित निकायको करको दायरा बढेर राजश्व श्रोतमा वृद्धि हुन गई स्थानीयस्तरमा सेवा प्रवाह गर्न सहज हुनेछ । आयोजना कार्यान्वयनले स्थानीयबासीलाई रोजगारीको अवसर सिर्जना गर्छ । प्रस्ताव कार्यान्वयन हुँदा स्थानीय श्रमशक्ति खपत हुनेछ । यसबाट स्थानीयबासीले आफ्नो दैनिक आवश्यकताका वस्तुहरुको परिपूर्ति गरी आफ्नो जीवनस्तरमा परिवर्तन ल्याउने छन् ।

**नकारात्मक प्रभाव**

प्रस्तावित क्षेत्रबाट तोकिएको परिमाण भन्दा बढी र अव्यवस्थित रुपमा ढुङ्गा, गिट्टी, बालुवा संकलन\उत्खनन् गर्नाले नदीले आफ्नो प्राकृतिक वहाव परिवर्तन गरी नदी किनार कटान र वाढी निम्त्याउन सक्नेछ । त्यस्तै ढुवानीको क्रममा ढुवानी साधनको चाप बढ्नाले बाटो जीर्ण हुनुका साथै धुलो धुवाँको कारणले स्वास्थ्यमा प्रतिकूल असर पर्न सक्छ । साथै पुल नजिकै जथाभावी ढुङ्गा, गिट्टी, बालुवा संकलन/उत्खनन् कार्य गरेमा पुल भासिन सक्दछ । यस बाहेक प्रस्ताव कार्यान्वयन गर्दा अन्य कुनै नकारात्मक प्रभाव पर्ने छैनन् ।

## २.५ सारांस तथा सुझावहरु

खेरजाने नदीजन्य पदार्थ उत्खनन् तथा संकलनले एकातर्फ विकास निर्माणमा आवश्यक पर्ने निर्माण सामाग्री उपलब्ध गराउनका साथै अर्को तर्प नदी नियन्त्रण, रोजगारीको अवसर सृजना, स्थानीय निकायलाई आयश्रोतको अवसर जस्ता लाभ पनि पु¥याउँदै आएको छ । अझ बढी यो प्रस्ताव कार्यान्वयनबाट हुन नकारात्मक असरहरु पनि नगन्य छन् । यसबाट हुने नकारात्मक प्रभावहरु दिइएका न्यूनिकरणका उपायहरुबाट कम गर्न सकिन्छ । त्यसैले परियोजनाको प्रकृति, अवस्थिति पहिचान गरिएका सम्भावित नकारात्मक असरहरुलाई मध्यनजर गर्दा प्रारम्भिक वातावरणीय परीक्षण अध्ययनले निर्देशन गरे अनुरुपका न्यूनिकरण तथा अभिबृद्धिका उपायहरु अवलम्बन गरी वार्षिक ८२३५० घ.मि. ढुङ्गा, गिट्टी तथा बालुवा उत्खनन् गर्ने गरी परियोजना सञ्चालन गर्न उपयुक्त देखिन्छ । ती उपायको प्रकृति हेरी अधिकांशलाई ठेकेदारसँगको सम्झौतामा बुदागत रुपमा समावेश गरी कार्यान्वयनका क्रममा विशेष अनुगमन मार्फत पूर्ण कार्यान्वयन गराउनु उपयुक्त हुन्छ । यस प्रस्तावको सन्दर्भमा प्रारम्भिक वातावरणीय परीक्षण नै पर्याप्त देखिन्छ ।



Nepal Environment and Engineering Consultancy

# अध्याय तिन

## ३. प्रस्तावको सामान्य विवरण

### ३ १.प्रस्तावको किसिम

यो प्रस्ताव सर्लाही जिल्लाको ईश्वरपुर नगरपालिका वडा नं. १२ र १३ मा पर्ने बांके खोलाको विभिन्न बगर क्षेत्रबाट ढुङ्गा, गिट्टी तथा बालुवाको दिगो एवं वातावरणमैत्री संकलन तथा उत्खनन् कार्यको लागि हो ।

### ३.२ प्रस्तावको प्रमुख विशेषताहरु

तालिका न.३.१: प्रस्तावको प्रमुख विशेषताहरु

| | | |
|---|---|---|
| १. | **प्रस्तावको नामः** सर्लाही जिल्लाको ईश्वरपुर नगरपालिका वडा नं. १२ र १३ मा पर्ने बांके खोलाको विभिन्न बगर क्षेत्रबाट दिगो र वातावरण मैत्री रुपले ढुङ्गा, गिट्टी तथा बालुवा (नदीजन्य पदार्थ) उत्खनन् तथा संकलन् गर्ने कार्यको प्रारम्भिक वातावरण परीक्षण अध्ययन । | |
| २. | **प्रस्तावको अवस्थितिः** | |
| | प्रदेश नंः | २ |
| | जिल्ला | सर्लाही |
| | नगरपालिका | ईश्वरपुर नगरपालिका |
| ३. | **भौगोलिक \ हावापानी प्रकृति एवं विवरणः** | |
| | नदीको नाम र प्रकारः | बांके खोला (खहरे खोला) |
| | भूवनोट (Terrain) | तराई |
| | माटो (Soil) | उर्बरा |
| | उचाई (समुद्र सतह माथिको) | ९६ देखि २३१ मि. |
| | हावापानी (Climate) | उष्ण |
| ४. | **संकलन\उत्खनन् कार्य, स्थल र प्रकृयाः** | |

### ३.२ संकलन\उत्खनन् र ढुवानी (कार्य र विधि)

निर्दिष्ट क्षेत्रबाट ढुङ्गा, गिट्टी, बालुवाको संकलन\उत्खनन् कार्य हात र हाते औजारहरु जस्तै कुटो, कोदालो, गैति, साबेल आदिबाट गरिने छ । पानी भएको क्षेत्रबाट कुनैपनि हालतमा नदीजन्य पदार्थ संकलन गरिने छैन । उत्खनन् संकलन गर्ने आदेश दिनु पुर्व उत्खनन् संकलन गरिने क्षेत्रको रेखाकंन गरी परिमाण एकिन गरिने र यसो गर्दा स्थानीय बासीन्दा, जनप्रतिधिहरुलाई अनिवार्य सहभागी गराइने छ । उत्खनन् संकलन कार्य गर्नु पुर्व स्थानीयहरुलाई उत्खनन् संकलन गरिने क्षेत्र, परिमाण र उत्खनन् विधी र वातावरणीय संवेदनसीलताका बारेमा अनिवार्य सचेतना अभिमुखीकरण गरिने छ । उत्खनन् तथा संकलन गर्न बालबालिकालाई लगाइने छैन ।

नदीको प्राकृतिक बहावमा प्रतिकुल असर पर्ने र बहाव मार्ग परिवर्तन हुने गरि संकलन\उत्खनन् गर्न दिईने छैन । पानी भएको क्षेत्रमा नदीजन्य पदार्थ संकलन\उत्खनन् कार्य गर्न दिइने छैन । संकलन\उत्खनन् कार्य दिनको सूर्योदय देखि सूर्यास्तसम्म मात्र हुनेछ छ । बर्षाको समयमा संकलन\उत्खनन् कार्य गरिने छैन । अन्य समयमा ढुवानी कार्य गर्न ४०० घ.फु. सम्मको ट्रिप्पर तथा १२० घ.फु. सम्मको ट्रयाक्टरको प्रयोग गरिने छ । अन्य यान्त्रीक उपकरणर एक्साभेटर, ब्याकहो, लोडर लाई नदी प्रवेश रोक लगाइने छ । नदी, घाट वरीपरी स्थानीय नागरीकहरुको नदी संरक्षण तथा रेखदेख समिति गठन गरी उक्त समितिलाई पहिलो वाहकको रुपमा जिम्मा दिइने छ । वर्षाद्धा आउने वाढी पहिरोवाट नदीको वहाव परिवर्तन वा आधिक निर्दीष्ट सामाग्री जम्मा हुन गई निकाल्नु पर्ने अवस्थामा उचित कारण खोली उत्खनन्कर्ताले सम्बन्धित निकाय समक्ष प्रस्ताव पेश गर्नु पर्ने र सम्बन्धित निकायका प्राविधिकबाट स्थलगत निरिक्षण गर्दा व्योहोरा सत्य ठहरिए ति निकायका प्रमुख, प्रमुख प्राविधिक र १ जना स्वतन्त्र वातावरणवीद समेतको प्राविधिक वोर्ड गठन गर्ने र त्यसको निर्णय अनुसार अवधी, परिमाण तथा विधी निर्धारण गरी आशिंक रुपमा यान्त्रीक उपकरण जस्तै एक्साभेटर, ब्याकहो, टिपर आदि प्रयोग गर्ने व्यवस्था मिलाउन सकिने छ । राष्ट्रिय प्राथिमकता प्राप्त आयोजनाको हकमा आयोजनाबाट माग भए अनुसार जिल्ला अनुगमन समिति समेत सिफारिसमा यान्त्रिक उपकरणहरूको प्रयोग गरी उत्खनन गर्न सकिने छ ।

### ३.३ प्रस्ताव क्षेत्रमा ढुङ्गा, गिट्टी तथा बालुवाको दिगो उत्खनन्\संकलन

प्रस्तावित क्षेत्रमा बर्षेनि आउने बाढीले बगाएर ल्याएको ढुङ्गा, गिटी, बालुवा थुप्रिएर रहन्छन र यी बागाएर ल्याएका नदीजन्य पदार्थलाई उत्खनन् र ढुवानी गर्दा नदीले आफ्नो बाहाव परिवर्तन गर्दैन र नदीको आफ्नो गन्तब्य यथा स्थितिमा रहन्छ त्यसैले प्रस्तावित क्षेत्रमा ढुङ्गा, गिट्टी

# अध्याय दुई

## २. प्रस्तावकको सारंश

सर्लाही जिल्लाको ईश्वरपुर नगरपालिका क्षेत्रमा पर्ने बांके खोलाको तोकिएको बगर क्षेत्रबाट ढुंगा, गिट्टी तथा वालुवा (नदीजन्य पदार्थ) को दिगो रुपमा संकलन तथा उत्खनन् कार्य गर्दा त्यस क्षेत्रमा पर्न जाने प्रभावहरुको मूल्यांकन गर्न यस प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गरिएको हो । यस अध्ययनको मुख्य उद्देश्य नदी नियन्त्रण गर्नका लागि नदीले थुपारेको ढुङ्गा, गिट्टी तथा बालुवा उत्खनन्ले स्थानीय वातावरणमा पर्न जाने प्रभावहरुको पहिचान गरी सकारात्मक प्रभावहरुलाई प्रोत्साहित गर्ने तथा नकारात्मक प्रभावहरुलाई न्यूनिकरण गर्ने गरी उचित परामर्श पेशर्नु हो । साथै निर्णयकर्ताहरुलाई मूल्याङ्कन सहित निर्णयका लागि परामर्श दिनु हो ।

नेपाल सरकारको वातावरण संरक्षण ऐन २०७६ तथा वातावरण संरक्षण नियमावली, २०७७ अनुसार कुनै पनि नदी नदीबाट ढुङ्गा, गिट्टी तथा बालुवा निकाली निकासी गर्नु पूर्व उक्त प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण अथवा वातावरण प्रभाव मूल्यांकन गर्नु पर्ने हुन्छ । यस प्रस्तावमा अधिकतम दैनिक १०० देखि ३०० घनमिटर सम्म मात्र नदीले थुपारेको ढुङ्गा, गिट्टी र बालुवा निकालिने र नदी क्षेत्र संरक्षित राष्ट्रिय निकुञ्ज तथा तिनका मध्यवर्ती क्षेत्र तथा उच्च हिमाली क्षेत्रमा नपर्ने हुँदा प्रारम्भिक वातावरणीय परीक्षण गरिएको छ ।

यो अध्ययन प्रतिवेदन नेपाल सरकारको वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण संरक्षण नियमावली, २०७७ अनुसार तयार पारिएको छ । प्रदेश ५ सरकारबाट जारी गरिएको ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, संकलन,व्यवस्थित गर्ने कार्यविधि, २०७५ लाई प्रमुख आधार बनाइएको छ ।

### २.१ प्रस्तावको पृष्ठभूमि

सर्लाही जिल्लाको ईश्वरपुर नगरपालिका भएर बग्ने बांके खोलाले वर्षाको समयमा प्रस्तावित बगर क्षेत्रमा ढुङ्गा, गिट्टी, बालुवा तथा नदीजन्य पदार्थ थुपार्ने गर्दछ । यी नदीजन्य पदार्थको दिगो एवं वातावरणमैत्री संकलन तथा प्रयोगले स्थानीय ढुवानीकर्ता, संकलनकर्ता तथा निर्माण क्षेत्रमा काम गर्ने ज्यामी मजदूरहरुको जीवन स्तरमा बृद्धी हुनुको साथै घर तथा बाटो निर्माणको सामाग्रीको (ढुङ्गा, गिट्टी, बालुवाको) उपलब्धतामा बृद्धि हुनेछ । यी सामाग्री नदीको बगरमा थुपारिँदा नदीको बहाव फेरिन जाने तथा प्रकोप निम्तिने सम्भावना हुन्छ । साथसाथै यी थुपारिएका सामाग्री निमार्ण कार्यमा ज्यादै उपयोगी हुन्छन् । जनसंख्या वृद्धि, शहरीकरण र

तथा बालुवा निकाल्दा बर्षेनि नदीले बगाएर ल्याएका नदीजन्य पदार्थहरु मात्र निकाल्नु पर्नेछ, यसबाट नदीको नदीजन्य पदार्थको उत्खनन्\संकलन दिगो रुपमा गर्न सकिन्छ ।

उत्खनन् कार्यलाई वातावरण मैत्री र दिगो बनाउनको लागि समष्टिमा तपशिल वमोजिमका नियमहरु पालना गर्नु जरुरी देखिन्छ ।

- खोलाको सतह भन्दा गहिरो हुने गरी नदीजन्य पदार्थ निकाल्न नदिने ।
- अधिकतम १ मि. गहिराई सम्म मात्र उत्दखनन् गर्ने ।
- खोलाको धार नै परिवर्तन हुने गरी श्रोत संकलन नगर्ने ।
- खोलाको पानीको सतहभन्दा गहिरो हुने गरी नदी किनारबाट श्रोत उत्खनन् नगर्ने ।

### ३.४ संकलन\उत्खनन् गरिने परिमाणको आंकलन

प्रस्तावित क्षेत्रमा स्थलगत अध्ययन गरेर निम्न परिमाणको ढुङ्गा, गिट्टी तथा बालुवाको संकलन\उत्खनन् गरिने परिमाणको आंकलन गरिएको छ । यसरी घनमिटर निकाल्दा क्षेत्रफलमा औसत गहिराई लाई गुणन गरेर निकालिएको हो ।

तालिका ३.२: संकलन/तथा उत्खनन् क्षेत्र र परिमाण

| क्र.स. | संकलनरउत्खनन् स्थल | क्षेत्रफल (वर्ग.मि.) | औसत गहिराई (मि.) | मौजुदा परिमाण (घ.मि.) | उत्खन्न गर्न सकिने परिमाण (घ.मि.) | समुद्री उचाई | आक्षंशरदेशान्तर | नदीजन्य पदार्थ |
|---|---|---|---|---|---|---|---|---|
| १. | कालिन्जोर क्षेत्र इश्वरपुर न.पा. १२ | २०,४०० | १.५ | ३०,६०० | २०,४०० | २३१ | २७°३'५७.५८" उ ८५°४६'३२.७६"पू | ढुङ्गाः५० % गिट्टीः ४० % बालुवाः १० % |
| २. | बांके क्षेत्र, इश्वरपुर न.पा. १३ | १७५०० | १.५ | २६२५० | १७५०० | १५५ | २७° १'१४.३८" उ ८५°४४'३५.५५" पू | ढुङ्गाः ४० % गिट्टीः ४० % बालुवाः २० % |
| ३. | रेलवे क्षेत्र, इश्वरपुर न.पा. १३ | ११००० | १.५ | १६५०० | ११००० | १३६ | २७° ०'१९.५६" उ ८५°४४'२०.९२"पू | ढुङ्गा ३० % गिट्टी ४० % बालुवा ३० % |
| ४. | घाट टोल क्षेत्र, इश्वरपुर न.पा. १३ | १४७०० | १.५ | २२०५० | १४७०० | ११८ | २६°५९'७.३५" उ ८५°४४'२.९"पू | ढुङ्गा २० % गिट्टी ४० % बालुवा ४० % |
| ५. | १२ नं. टोल क्षेत्र, इश्वरपुर न.पा. १३ | १८७५० | १.५ | २८१२५ | १८७५० | ९६ | २६°५७'५६.९७" उ ८५°४३'४२.९८"पू | ढुङ्गा १० % गिट्टी ३० % बालुवा ६० % |

*स्रोत:स्थगत अध्ययन र GIS*

### ३.८ आवश्यक जग्गा

उत्खनन/संकलन कार्य खोलाको बगरबाट हुने हुदा कसैको निजी जग्गा अधिग्रहन गर्नु पर्ने देखिदैन । सबै क्षेत्र गरी जम्मा ८.२३५ हे. बगरको जग्गा उपभोग हुनेछ ।

### ३.९ आवश्यक मेसिनरी तथा औजारहरु

प्रस्ताव कार्यान्वयन गर्दा आवश्यक पर्ने गाडी तथा औजारहरु तलको तालिकामा दिईएको छ ।

तालिका ३.४ आवश्यक मेसिन तथा औजारहरु

| मसिन तथा औजारहरु | परिमाण | जिम्मेवार निकाय |
|---|---|---|
| ट्राक्टर | ८ ( १ प्रति साईट) | ठेक्का लिने ठेकदार |
| साबेल | १८० ( १० प्रति साईट) | ठेक्का लिने ठेकदार |
| गैति | १८० ( १० प्रति साईट) | ठेक्का लिने ठेकदार |
| कोदालो | ४०( ५ प्रति साईट) | ठेक्का लिने ठेकदार |
| कुटो | ४० ( ५ प्रति साईट) | ठेक्का लिने ठेकदार |


### ३.१० प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको विस्तृत विवरण

#### (क) प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको नक्सा

प्रस्ताव क्षेत्र सर्लाही जिल्लाको ईश्वरपुर नगरपालिका वडा नं. १२ र १३ स्थित बांके खोलाको विभिन्न बगर क्षेत्रमा पर्दछ । संकलन\उत्खनन् क्षेत्रलाई गुगल नक्सा नक्साड्कन गरि देखाईएको छ ।

Nepal Environment and Engineering Consultancy Services NEECS Kathmandu Nepal


| | | |
|---|---|---|
| | संकलन\उत्खनन् क्षेत्र | बांके खोला स्थित :<br>१. कालिन्जोर क्षेत्र,    इश्वरपुर न.पा. १२<br>२. बांके क्षेत्र, इश्वरपुर न.पा. १३<br>३. रेलवे क्षेत्र, इश्वरपुर न.पा. १३<br>४. घाट टोल क्षेत्र, इश्वरपुर न.पा. १३<br>५. १२ नं. टोल क्षेत्र, इश्वरपुर न.पा. १३ |
| | संकलन\उत्खनन् विधि | हाते औजर प्रयोग गरेर आसपासका बस्ती तथा स्थानीय मजदुरहरुबाट उत्खनन् गरिने छ । |
| | संकलन\उत्खनन् कार्यमा प्रयोग हुने सामाग्री वा मेशीनरी | संकलन\उत्खनन् कार्यका लागि हाते औजार जस्तैः गल, गैति, कोदालो, खन्ती, बेल्चा, आदि प्रयोग गरेर गरिने छ । |
| | दैनिक\वार्षिक संकलन\उत्खनन्को परिमाण | दैनिक २९९.५ घ.मि., वार्षिक ८२३५० घ.मि. |
| | संकलन\उत्खनन् गरिने अबधि | प्रत्येक वर्ष आश्विन १ देखि जेष्ठ मसान्त सम्म उत्खनन् तथा संकलन कार्य गर्न पाइने छ । बाँकी अवधि आषाढ, श्रावण र भाद (वर्षायाम) महिनामा उत्खनन् कार्य बन्द रहने छ । |
| | संकलन्\उत्खनन् स्थलका संख्या | ५ (पाच) |
| | संकलन\उत्खनन् गरिने सामाग्रीहरु: | ढुङ्गा, गिट्टी, र बालुवा |
| | प्रस्तावत अन्तगतका कार्यहरुः | संकलन, उत्खनन् तथा ढुवानी र प्रभाव न्यूनिकरणहरुको कार्यान्वयन |
| | प्रभावित नगरपालिका \ वडा | ईश्वरपुर नगरपालिका, वडा नं. १२ र १३ |
| ५ | **IEE प्रतिवेदनको वैधानिकताः** | IEE प्रतिवेदन स्वीकृत भएको २ बर्ष सम्म |




*तस्विर ३.३: गुगल नक्शा ( रेलवे क्षेत्र )*




*तस्विर ३.४: गुगल नक्शा ( घाट टोल क्षेत्र )*




तस्विर ३.१: गुगल नक्शा ( कालिन्जोर क्षेत्र )




तस्विर ३.२: गुगल नक्शा ( बांके क्षेत्र )



Nepal Environment and Engineering Consultancy Services Pvt. Ltd.
Kathmandu

## (ग) जाति\जनजाति

प्रस्ताव क्षेत्रमा विभिन्न जातजाति जस्तै क्षेत्री, थारु, कोइरी, मुसहर, सुधी, दनुवार, सार्की ब्राम्हण, मुसलमान आदिको मिश्रित वसोवास रहेको पाइन्छ ।

## (घ) चाडपर्व, मेला तथा जात्राहरु

ईश्वरपुर नगरपालिकामा विभिन्न जाति, धर्म सम्प्रदाय र भेसभुषा मानिसहरु बसोवास गरेका छन् । यहाँ अधिकांश हिन्दु धर्म मान्ने तराई मूलका मानिसहरु रहेका छन् भने केही मात्रामा बौद्ध र क्रिस्चयन धर्म मान्ने मानिसहरु पनि छन् । सबै जातजाति र सम्प्रदायका आ–आफ्नै खाले धर्म संस्कृति र चालचलनहरु छन् । यस नगरपालिकामा दशैं, तिहार, छठ, तिज, माघे सक्रान्ति, होली आदि मुख्य चाडपर्व मानिन्छन् ।

## (ङ) पेशा

अधिकांश मानिसहरु कृषि पेशामा आश्रित छन् । सामान्य समतल भू–भाग र उर्वर मलिलो माटोका केही ठाउँहरुमा कृषि उत्पादन राम्रो हुन्छ तर अधिकांश क्षेत्रहरुमा समतल जमिन रहेको छ । जिविकोपार्जनको लागि यस क्षेत्रका मानिसहरुले कृषि, व्यापार, व्यवसाय, सरकारी सेवा, मजदुरी तथा वैदेशिक रोजगारका अवसरलाई पनि अवलम्वन गरेको पाइन्छ । मुख्य बजार क्षेत्रमा व्यवसायमा लागेका व्यवसायीहरु पसल, होटल र घरेलु व्यापार आदिमा लागेको पाइन्छ । वैदेशिक रोजगारका लागि यहाँका युवाहरु भारत र खाडि मुलुक, मलेसिया, कतार, दुबई लगायतका देशहरुमा गएको पाइन्छ ।

## (च) विद्युत, उर्जा एंव संचार

यहाँका स्थानीय वासीहरुले खान पकाउन मुख्यत दाउरा र एल.पी.ग्याँसको प्रयोग गरेका छन् । प्रस्तावित क्षेत्रको प्रत्यक्ष तथा अप्रत्यक्ष क्षेत्रमा सम्पूर्ण घरधुरीमा बाल्न बिजुलीको लाईन पुगेको देखिन्छ । यस नगरपालिकामा नेपाल टेलिकम, एनसेल र अन्य सेवा प्रदायक कम्पनीहरुबाट मोवाईल फोन सेवा प्रयोग गरेको पाईयो ।

## (छ) धार्मिक, सांस्कृतिक एवं ऐतिहासिक स्थलहरु

ईश्वरपुर नगरपालिका पर्यटकीय क्षेत्रको रूपमा पनि परिचित छ । यहाँ प्रसिद्ध धार्मिक तथा पर्यटकीय स्थलमा कालिन्जोर स्थित राजारानी थुम्को रहेको छ । उक्त धार्मिक तथा एतिहासिक



Nepal Environment and Engineering Consultancy Services

तालिका ३.३: संकलन/उत्खनन् गरिने परिमाणको आंकलन

| नदीजन्य पदार्थ | जम्मा |
|---|---|
| दैनिक उत्खनन् सिफरिस गरिएको (क्यू.मि.) | २९९.५ |
| बार्षिक उत्खनन् सिफरिस गरिएको (क्यू.मि.) | ८२३५० |
| जम्मा उत्खनन् दिन (बर्षमा) | २७५ (बर्षाको ३ महिना उत्खनन् नगर्ने ) |
| वर्षिक उत्खनन् सिफरिस गरिएको (क्यू.फुट.) | २९०८१६२.८ |
| राजश्व (प्रति वर्ष) प्रति क्यू. फुट (प्रदेश सरकारको नियम नआएको र स्थानीय तहको नियमरनिर्णय अनुसार परिवर्तन हुन सक्ने) | रु ४-५ प्रति क्यू. फुट(अनुमानित) |
| **अनुमानित कुल राजश्व (प्रति वर्ष)** | **रु.१,१६,३२,६५१.२** |

### ३.५ प्रताव कार्यान्वयन हुँदा निष्कासन हुने बस्तुहरु

### ३.६ प्रताव कार्यान्वयन हुँदा प्रयोग हुने ऊर्जा


प्रस्तावित स्थानमा निर्दीष्ट क्षेत्रबाट ढुङ्गा, गिट्टी, बालुवाको संकलन\उत्खनन् कार्य हात र हाते औजारहरु जस्तै कुटो, कोदालो, गैति, साबेल आदिबाट गरिने छ । ढुवानी कार्य गर्न ४०० घ.फु. सम्मको ट्रिप्पर तथा १२० घ.फु. सम्मको ट्रयाक्टरको प्रयोग गरिने छ । यस प्रस्तावमा प्रयोग हुने ऊर्जा निम्न बमोजिम छन् ।

| ऊर्जा | परिमाण | श्रोत |
|---|---|---|
| डिजेल(ट्रयाक्टर, ट्रिप्पर ) | २५० लि. प्रति दिन (उत्खनन् इजाजत अवदिभर ) | नेपाल अयेल निगम |

### ३.७ प्रताव कार्यान्वयन हुँदा जनशत्ति

प्रस्ताव कार्यान्वयनबाट असर पर्ने स्थानीय समुदायहरुलाई रोजगारीको लागि पहिलो प्राथमीकता दिनु पर्दछ । दक्ष, अर्ध दक्ष र अन्य कामदारहरु प्रस्तावको निर्माण र निर्माण सामाग्री ढुवानीको लागि आवश्यक पर्नेछन् । ढुंगा, गिट्टी तथा बालुवा संकलन/उत्खनन्का लागि १३७५ जना दक्ष र २७५० अदक्ष कामदारहरुको आवश्यकता रहेको छ ।

Nepal Environment and Engineering Consultancy Services Pvt. NEECOS




तस्विर ३.६: जिओलोजिकल नक्सा

क्षेत्र प्रस्तावित क्षेत्रको उच्च प्रभाव क्षेत्रमा पर्दैन । उच्च प्रभाव क्षेत्रमा अन्य अरु कुनै पनि धार्मिक, सांस्कृतिक एवं ऐतिहासिक स्थलहरु पर्दैन ।

**(ज) पानिको स्रोत**

उत्खनन् कार्यको लागि पानिको प्रयोग नभयतापनि काम गर्ने मजदुर तथा अन्ने व्यक्तिहरुको लागि पिउन तथा हत मुख धुनको निम्ति नजिकैको गाउँ बाट उत्खनन्कर्ताले ढुवानिको व्यवस्था गरि दैनिक २५० लि. पानिको ब्यबस्था मिलाईनेछ ।

**(झ) यातायात तथा पहुँचमार्ग**

प्रस्तावित क्षेत्रहरुमा ढुङ्गा, गिट्टी तथा बालुवा संकलन/उत्खनन् गर्नकालागि पहुँचमार्ग निर्माण गरिएको छ । उक्त संकलन\उत्खनन् स्थालमा जान पहुँचमार्गमा कच्ची बाटो रहेको छ । यस वाटोमा ढुवानीका साधन ट्रयाक्टरहरु राम्ररी चल्न सक्दछन् । स्थानीयहरुको सुझाव बमोजिम विगतमा प्रयोग गर्ने गरिएको निकासी मार्गबाट नै ढुवानी गर्न उचित रहेको र ढुवानी मार्ग सुधार तथा नियमित मर्मत संभार गर्नु आवश्यक रहेको छ ।

**(ञ) अन्य कुराहरु**

**(१) माटोको प्रकार एवं भूगर्भ**

प्रस्तावित उत्खनन् क्षेत्रमा सम्पूर्ण भाग तराईमा पर्ने भएकोले भौगर्भिक वनावट मध्यवर्ति मेटासेडिमेन्टरी चट्टानले बनेको छ । समग्रमा यस क्षेत्रको भौगर्भिक वनावटलाई तीन भागमा विभाजन गर्न सकिन्छ ।

क) भावर क्षेत्र

ख) रिसेन्ट फर्मेसन

वायुले वर्षा गराउदछ । जिल्लाको औसत वार्षिक वर्षा १६९९ मि.मि. मापन भएतापनि आषाढ, श्रावण र भदौ महिनामा भारी बर्षा हुने गर्दछ ।


### (३) भू-उपयोग

प्रस्तावित क्षेत्र ईश्वरपुर नगरपालिका वडा नं १२ र १३ स्थित बांके खोलाको बगर क्षेत्रमा पर्दछ । ढुङ्गा, गिट्टी तथा बालुवा संकलन गरिने क्षेत्रहरु भौगोलिक हिसाबले समथर क्षेत्रहरुमा पर्दछन् । प्रस्तावित संकलन क्षेत्रहरुका नजिकका क्षेत्रहरुमा बाढीले कटानि गर्ने जस्ता जोखिमयुक्त स्थानहरु न्यून रहेका छन् भने अधिकतम भू-उपयोग पर्ति जग्गा र बुट्यान क्षेत्र रहेका छन् । प्रस्तावित क्षेत्र स्थित निम्न उल्लेखित भूउपयोग भएको पाइन्छ ।

४० प्रतिशत : वनजंगल तथा वुट्यान

३५ प्रतिशत : वस्ती र कृषि


२५ प्रतिशत : नदी, बगर, ढुङ्गयान, कडा जमिन




*तस्विर ३.८: भू उपयोगिता*

### (४) जैविक वातावरण

ढुङ्गा, गिट्टी तथा बालुवा संकलनको कारणले वन क्षेत्र र वनस्पतीलाई प्रत्यक्ष प्रतिकुल प्रभाव नपर्ने देखिन्छ । यस प्रस्तावित प्रस्ताव कार्यन्वयन हुँदा राष्ट्रिय निकुञ्ज, संरक्षित क्षेत्र तथा मध्यवर्ती क्षेत्रमा नपरेको देखिन्छ । साथै यो प्रस्ताव कार्यान्वयन गर्दा कुनै पनि रुख विरुवा आदि काट्नु पर्दैन । प्रस्तावित क्षेत्रका प्रत्यक्ष तथा अप्रत्यक्ष क्षेत्रमा निम्न




*तस्विर ३.९: इकोलोजिकल नक्शा*



Nepal Environment and




*तस्विर ३.५: गुगल नक्शा ( १२ नं. टोल क्षेत्र )*

**(ख) प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको जनसंख्या**

यस प्रस्तावको प्रभाव क्षेत्र ईश्वरपुर नगरपालिकामा पर्दछ । ईश्वरपुर नगरपालिका साविकका ईश्वरपुर नगरपालिका, कालिन्जोर र गौरीशङ्कर गा.वि.स समावेश भएर बनेको हो र यस नगरपालिकाको जनसंख्या यस प्रकार छ :

तालिका ३.५ जनसंख्यको विवरण

| नगरपालिका | जम्मा जनसंख्या | क्षेत्रफल (वर्ग कि.मि) | जनघनत्व (प्रति वर्ग कि.मि) | वडा संख्या |
|---|---|---|---|---|
| ईश्वरपुर नगरपालिका | ५९,९८६ | १६३.८३ | ३६६.१५ | १५ |

**श्रोतः राष्ट्रिय जनगणना २०६८**

राष्ट्रिय जनगणना २०६८ अनुसार ईश्वरपुर नगरपालिकाको जनसंख्या जम्मा ५९,९८६ रहेको छ । यस नगरपालिकाको क्षेत्रफल १६३.८३ वर्ग कि.मि. रहेको छ । जसमा जनसङ्ख्या घनत्व ३६६.१५ प्रति वर्ग कि.मि. रहेको पाइन्छ ।

# अध्याय चार

## ४. प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्ने प्रभाव

### ४.१ सकारात्मक प्रभाव

#### ४.१.१ भौतिक प्रभाव

**(क) बाढी एवं अन्य जलउत्पन्न प्रकोप**

नदीले बगाएर ल्याएका नदिजन्य पदार्थ बगरमा थुपारिँदा नदीको बहाव फेरिन जाने  र निकाल्दा नदीको बहाव फेरिन पाउँदैन र बाढी तथा अन्य प्रकोपहरु हुन बाट बचाउँछ । नदीको सतह बढेर नदी किनार नजिक रहेको जमिनलाई वाढीबाट बचाउन्छ

#### ४.१.२ सामाजिक –आर्थिक तथा साँस्कृतिक प्रभाव

**(क) आयश्रोतको एवं रोजगारीको अवसर**

ढुङ्गा, गिट्टी, बालुवाको संकलन कार्यले त्यस क्षेत्रका स्थानीय वासिन्दाको रोजगारीको अवसर श्रृजना गर्दछ । नदीको यस्ता सामग्री संकलन, उत्खनन् तथा ढुवानी कार्यमा रोजगारीका बिभिन्न अवसरहरु प्राप्त हुनेछ, यो सवैभन्दा ठूलो र प्रत्यक्ष लाभ हुने क्षेत्र हो । महिलाहरुको हकमा पनि श्रमको समान अवसर प्राप्त गरि पुरुष जतिकै लाभान्वित हुनेछन् । यस कार्यमा एक प्रकारले महिला र पुरुष विचको श्रम विभाजनमा विभेद गर्ने प्रणालीलाई निरुत्साहित पार्दछ । स्थानीय श्रमिकहरुको दक्षता र प्राबिधिक ज्ञानको बिकास हुनेछ । जसले गर्दा श्रमीक तथा उनीहरुका आश्रितको उत्थानमा सहयोग पुग्नेछ । ढुङ्गा, गिट्टी, बालुवाको संकलन कार्य नियमित हुने हुनाले यसवाट स्थानीय वासिन्दा नियमितरुपमा लाभान्वित हुन्छन् ।

**(ख) नगरपालिकाको आयश्रोत**

नगरपालिकाले नदीजन्य पदार्थको संकलन, उत्खनन् कार्यको ठेक्का वन्दोवस्तवाट राजश्व संकलन गर्नेछ । नगरपालिकाद्वारा संकलित राजश्वको प्रयोग गरी नगरपालिका भित्र बिभिन्न पूर्वाधार बिकासका काम गर्नमा सहयोग पुग्नेछ । यस कार्यबाट नगरपालिकाले बार्षिक रु **१,१६,३२,६५१.२०** (अनुमानित)को राजस्व संकलन गर्नेछ ।

तालिका ३.६ वनस्पतीका प्रकार

| Local Name | English Name | Scientific Name |
|---|---|---|
| साल | Sal | *shorea robusta* |
| सिमल | Simal | *Bombax ceiba* |
| खयर | Khayar | *Acacia catechu* |
| आप | Mango | *Mangnifera indica* |
| बाँस | Bamboo | *Bambusa vulgaris* |
| दबदबे | Garuga Plant | *Garuga pinata* |
| जामुन | Jamun | *Syzygium cumini* |
| पिपल | Peepal | *Ficus religiosa* |

तालिका ३.७ जीव प्रकार

| Local Name | English Name | Scienific Name |
|---|---|---|
| **वन्यजन्तु** | | |
| स्याल | Wolf | *Canis lupus* |
| बादर | Monkey | *Macaca mulatta* |
| सर्प | Common snake | |
| काग | Crow | *Corvus brachrhynchos* |
| सुगा | Parrot | *Phaethontidae Psittaciformes* |
| भगेरा | Sparrow | Ploceidae Passer |
| परेवा | Pigeon | *Columba livia* |
| **जलचर** | | |
| जुगे माछा | Gangetic mystus | *Mystus cavasius* |
| बाम | Cuchia | *Monopterus cuchia* |
| भ्यागुता | Frog | *Rana tignrina* |
| गगटो | Crab | *Carcinus maenas* |



Nepal Enviroment and Engineering ... Kathmandu Nepal NEESCO

**(ङ) वायु तथा ध्वनि प्रदुषण**

ढुवानी साधनको आवागमन तथा ढुङ्गा, गिट्टी, बालुवाको संकलन/उत्खनन्ले वायू प्रदुषण वढ्छ र ढुवानी साधनको कारणले ध्वनि प्रदुषण वढ्छ । साथै यातायातका साधनहरुको धेरै आवत जावतले गर्दा धुलो उढ्न सक्ने देखिएको छ ।

**(च) संकलन/उत्खनन् सामाग्रीको भण्डारणको प्रभाव**

नदीजन्य पदार्थहरुलाई निश्चित ठाउँमा निकास गर्नु अघि थुप्रो लगाउनु जरुरी हुन्छ । यसरी ढुङ्गा, गिट्टि, बालुवा धेरै समयसम्म थुप्रिदा वातावरणमा नकरात्मक असर पर्दछ । साथै अकस्मात बर्षाका कारण अउने आकस्मीक बाढीले संकलित सामाग्री बगाई लैजाने सम्भावना पनि रहन्छ ।

**४.२.२ सामाजिक –आर्थिक तथा साँस्कृतिक प्रभाव**

**(क) धर्म, संस्कृति तथा परस्परामा प्रभाव**

कामदारहरु स्थानीय वासिन्दा हुने भएको कारणले धर्म, संस्कृति तथा परम्परामा अन्य कुनै प्रभाव पर्ने छैन । यस नदीको ढुङ्गा, गिटी, बालुवा संकलन तथा उत्खनन् कार्यका उच्च प्रभाव क्षेत्र भित्र अन्य कुनै प्रकारका मठ मन्दीर, गुम्बा, देवस्थल आदि नपर्ने भएकोले कुनै असर पर्ने छैन ।

**(ख) पेशागत स्वास्थ्य तथा सुरक्षा**

ढुंङ्गा, गिट्टी, बालुवाको संकलन गर्दा विभिन्न प्रकृतिका औजारहरुको प्रयोगले कामदारहरुलाई चोटपटक लाग्न  सक्छ । त्यसै गरी ढुंङ्गा, गिट्टी उछिट्टिएर पनि जिउमा चोट लाग्न सक्छ । धुलोको कारणले स्वास-प्रस्वास र आँखाका रोगहरु लाग्न सक्छन् । ढुवानी साधनहरुको आवतजावतले आकस्मिक दुर्घटनाको संभावना पनि त्यतिकै रहन्छ ।


**(ग) जनसंख्या विस्थापना**

उत्खनन् क्षेत्र ३०० मि. वरिपरि कुनै बस्ति नरहेकाले प्रस्तावित क्षेत्रबाट जनसंख्या विस्थापनामा कुनै असर पर्दैन ।



Nepal Environment and Engineering Consultancy Services Pvt. Ltd.
NEECOS
Kathmandu, Nepal

यस क्षेत्रको माटोलाई चित्रमा देखाइए अनुसार विभाजन गर्न सकिन्छ ।




*तस्विर ३.७: माटोको प्रकार*

### (२) जलवायु\हावापानी

प्रस्तावित क्षेत्रमा उष्ण मनसुन किसिमको जलवायु पाइयो । यस जिल्लाको सरदर औषत ताक्रम २३ डिग्री सेल्सियस छ, अधिकतम ३५ डिग्री सेल्सियस र न्यूनतम तापक्रम १७ डिग्री सेल्सियस भएको पाईन्छ । यस जिल्लामा सामान्यतया दक्षिण र पूर्वबाट आउने मनसुनी

# अध्याय पाँच

## ५. प्रस्तावक कार्यान्वयनका विकल्पहरु

प्रस्तावको लक्ष्य प्राप्ति तथा नकारात्मक प्रभावलाई न्यूनिकरणका लागि यस अध्यायमा विभिन्न किसिमका बिकल्पहरु, प्रस्ताव कार्यन्वयन गर्दा प्रयोग हुने प्रविधि तथा स्थान छनौट सम्बन्धि विश्लेषण समेटेको छ । यो बैकल्पिक बिकल्पहरुको अध्ययनको मुख्य लक्ष्य वातावरणलाई प्रतिकूल प्रभाव नपर्ने गरी राजश्व संकलन गर्नु र नगरपालिकाको बिकासको निम्ति सघाउ पु¥याउनु हो । प्रस्तावना कार्यन्वयनको बिकल्पको आधार तयार गर्दा सकारात्मक फाईदाहरुलाई बढावा दिने तथा नकारात्मक प्रभावलाई न्यूनिकरण गर्ने गर्नुपर्दछ ।

विभिन्न बिकल्पहरुले प्रस्तावका लक्ष्य न्यून वातावरणीय प्रतिकूल प्रभावका साथ प्राप्त गर्न मद्दत पुऱ्याउँछ । विकल्पहरुमा ढुङ्गा, गिट्टी, बालुवाको संकलन/उत्खनन् गर्ने वा नगर्ने भन्ने हो । यदि नगर्ने हो भने त्यसवाट के प्रभाव पर्छ र गर्ने हो भने पनि त्यसबाट के प्रभाव पर्छ भन्ने कुराको विश्लेषण हुनु आवश्यक छ ।

### ५.१ प्रस्ताव कार्यान्वयन नगर्ने

अध्ययनबाट प्राप्त विकल्पको विश्लेषण गर्दा विकल्पहरुमा ढुङ्गा, गिट्टी, बालुवाको संकलन\उत्खनन् नगर्ने र प्रस्ताव कार्यान्वयन नगर्ने विकल्पलाई अस्विकार गरिएको छ । सो प्रस्ताबलाई निम्न रुपले अस्विकार गरेको छ । वर्षाको समयमा सर्लाही जिल्लामा बग्ने यस अबस्थाको खोलाले ढुङ्गा, गिट्टी, बालुवा तथा नदीजन्य पदार्थ थुपार्ने गर्दछ । यी सामाग्रीहरु नदीको बगरमा थुपारिँदा नदीको सतह माथि उठने र बहाव परिवतर्न हुने हुदाँ प्रकोप निम्तिने सम्भावना हुन्छ । दोश्रो, प्राकृतिक श्रोतको सदुपयोग हुन पाउदैन । तेस्रो स्थानीयवासिको रोजगारीको अवसरमा वाधा पुग्छ र चौथो नगरपालिकाको आन्तरिक आर्थिक स्रोत वन्द हुन्छ । नदीजन्य पदार्थहरु बढी मात्रामा थुप्रीएर रहेको हुँदा यदी त्यस ठाउँबाट नदीजन्य पदार्थ निकालिएन भने त्यस ठाउँमा नदीको बहाव फेरिन जाने र आवादी क्षेत्रको जमिनको कटान भई प्रकोप निम्त्याउने सम्भावना रहेको छ तर कार्यान्वयन नगर्ने विकल्पलाई स्विकार गर्ने हो भने उक्त क्षेत्रमा बाहिरी मानिसहरु आई झैझगडा गर्नकम हुने, वायु तथा ध्वनि प्रदुषण नहुने, जथाभाबी फोहोरमैला नफालिने, पेशागत स्वास्थ्य एवं सुरक्षाको संरक्षण हुने, माछा एवं अन्य जलचरमा प्रभाव नपर्ने भएतापनि प्रस्तावित नदीको सो खण्डवाट ढुङ्गा, गिट्टी, बालुवाको संकलन/उत्खनन् कार्य गर्दा उपयुक्त हुन्छ । साथै यदि प्रस्ताव कार्यान्वयन नगर्ने हो भने गैर

**(घ) नदीको वरपर वस्ती विस्तार एवं नदी अतिक्रमण**

बहिरबाट कामदारहरु भित्रिएको अवस्थामा नदीको वरपर अस्थायी वस्ती विस्तार एवं नदी अतिक्रमण हुन सक्ने सम्भावना रहन्छ ।

**४.२.३ जैविक प्रभाव**

**(क) वन्यजन्तु तथा माछा**

श्रमीकहरु तथा ढुवानी साधनको आवागमन र कोलाहलले वरपरको वनका वन्यजन्तुको प्राकृतिक विचरणमा खलल पुग्न सक्छ । तर वन क्षेत्र नपर्ने बगरक्षेत्रबाट ढुङ्गा, गिट्टी तथा बालुवाको संकलन तथा उत्खनन् कार्य गर्ने हुनाले वन क्षेत्रका वन्यजन्तूलाई प्रत्यक्ष, प्रभाव नपर्ने देखिन्छ । त्यसैगरी ढुंङ्गा, गिट्टी, बालुवा संकलन गर्ने क्रममा खोलाका माछा मार्ने काम पनि हुन सक्छ ।

**४.२.४ रासायनिक वातावरण**

उत्खनन् तथा संकलन गर्दा रसायनको प्रयोग हुनेछैन तर पनि गाडी तथा औजारहरुको प्रयोग हुदाँ तेल तथा रसायन चुहिन सक्छ जसले पानी तथा जमिनमा प्रदुषण हुनेछ । लुब्रिकेन्ट्स र ग्रिजले गर्दा प्रदुषण हुनेछ । यसको असर उच्च, क्षेत्रीय तथा दीर्घकालीन हुनेछ ।

अध्याय छ

## ६. वातावरणीय व्यवस्थापन योजना

विभिन्न वातावरणीय समस्याहरु, प्रतिकुल प्रभावहरुको न्यूनीकरणका उपायहरु, अनुकूल प्रभावका अभिबृद्धि आदि ठीक र सहि ढंगबाट कार्यान्वयन भइरहेको छ वा छैन भनी अध्ययन गर्न अनुगमन गर्नु अनिवार्य आवश्यकता हो । वातावरण मैत्री कृयाकलापहरुको कार्यन्वयनले मात्र वातावरणीय प्रतिकुल प्रभावहरुलाई न्यूनीकरण गर्न सकिन्छ । अनुगमन नियमित र कडाईका साथ भएन भने कायान्वयन पक्ष फितलो र निश्प्रभावकारी हुन्छ । सकारात्मक पक्षहरुको अभिबृद्धि र नकारात्मक पक्षहरुको न्यूनीकरणका उपायहरु कार्यान्वयन गर्नलाई के गर्ने, कसरी गर्ने, कहाँ गर्ने, कहिले गर्ने र कसले गर्ने भन्ने विस्तृत अवधारणा सहितको योजना तयार गर्नुपर्ने हुन्छ । वातावरणीय व्यवस्थापन योजनाले वातावरण संरक्षणका उपायहरु प्रभावकारी रुपमा कार्यान्वयन भएको छ कि छैन, यसको प्रभाबकारी अनुगमन तथा मूल्यांकन भएको छ कि छैन भन्ने कुराको निर्देश गर्छ ।

### ६.१ वातावरणीय व्यवस्थापनका लागि जिम्मेबार निकायहरु

वातावरण संरक्षण नियमावली, २०७७ अनुसूचि ११ मा प्रस्तुत प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदनको ढाँचा अनुसार वातावरणीय व्यवस्थापन योजना तयार पारिएको छ ।



Nepal Environment and Engineering Consultancy Services
NEEC
Kathmandu Nepal

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | २) प्रदेश सरकारले जारि गरेको कार्यविधि अनुसार सार्वजनिक संरचना बाट उत्खनन् दुरि पालना गर्ने<br>३) ढुवानी साधनको क्षमता भन्दा बढी पदार्थ राखेर ओसार पसार नगर्ने | | २) राजस्व बाट प्राप्त रकमले ढुवानी मार्ग मर्मत गर्ने<br>३) जनचेतना | | | उत्खनन् गर्ने समयमा | अवस्था अनुगमन गर्ने |
| | फोहर तथा जल प्रदुषण | १) ठाउँ–ठाउँमा फोहर फाल्ने भाँडा (डोको) राखि उपयुक्त स्थानमा विसर्जन गर्ने<br>२) जनचेतना तथा अभिमुखिकरण कार्यक्रम | सबै संकलन क्षेत्रहरुमा | १) फोहर व्यवस्थापन गर्ने लाई प्रोत्साहन तथा नगर्ने लाई करवाहि<br>२) खुला दिसा पिसाब रोक्नु पर्ने र कामदारहरुको लागि सौचालय को ब्यवस्था गर्ने | उत्खनन् गर्ने समयमा | उत्खनन् कर्ता | १ मजदुर, १०,०००/– | उत्खनन् गर्ने समयमा स्थानीय बासिले नियमित अनुगमन गर्ने |
| | वायु तथा ध्वनि प्रदुषण | १) संकलन गरिएका पदार्थहरु तत्काल ढुवानी प्रबन्ध मिलाउन<br>२) ओसार पसार गर्दा प्रेशर हर्नको प्रयोग नगर्ने | सबै संकलन क्षेत्रहरुमा र ढुवानीमा प्रयोग हुने सवारी साधन | १) उत्खनन् कर्ता सगं सम्झैतामा वायु तथा ध्वनि प्रदुषण कम गर्ने विधि उल्लेख गर्ने | उत्खनन् / ढुवानी गर्ने समयमा | उत्खनन् कर्ता | ५ स्थानीय कमदार, ५०,०००/– | उत्खनन् ढुवानी गर्ने समयमा प्रत्येक १ महिनामा खोलाको |

(ग) विकास निर्माण सामाग्रीको उपलब्धता

स्थानीय क्षेत्रमा रहेका ढुङ्गा, गिट्टी, बालुवा जस्ता पैदावारमा आधारित उद्योगहरुलाई आवश्यक पर्ने कच्चा पदार्थको सरल तरिकाले आपूर्ति गर्न यस योजनाले सहयोग पुऱ्याउने छ साथै स्थानीयस्तर तथा बाह्य आवश्यक पर्ने निर्माणका सामग्रीहरु (ढुङ्गा, गिट्टी, बालुवा आदि) समेत उपलब्ध हुने हुँदा शहरीकरणमा समेत मद्दत हुनेछ ।

४.२ नकारात्मक प्रभाव

४.२.१ भौतिक प्रभाव

(क) भुउपयोग\ नदी किनार कटान

प्रस्तावित क्षेत्रमा ढुंङ्गा, गिट्टी, बालुवाको जथाभावि तथा यस रिर्पोटमा सुझाव गरिएको परीमाण भन्दा वढी संकलन\उत्खनन् गर्नाले नदीले आफ्नो प्राकृतिक धार परिवर्तन गरी किनार कटान तथा नदी किनारमा रहेको क्षेत्र तथा वस्तीलाई प्रभाव पार्न सक्छ ।

**(ख) नदीजन्य पदार्थ प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदनले सुझाव गरेको भन्दा बढी उत्खनन्**

उत्खनन् कर्ताले प्रस्तावित क्षेत्रबाट जथाभाविरुपले सिफारिस गरिएको परिमाण भन्दा बढी उत्खनन् गर्न सक्दछन् । जसको कारण नदीको बहाव परिवर्तन हुने र बाढी, नदी कटान, आदी प्राकृतिक प्रकोप निम्त्याउदछ ।

(ग) भौतिक संरचनामा हुने असर

प्रस्तावित क्षेत्रबाट ढुंङ्गा, गिट्टी तथा बालुवा ओसार पसार गर्दा पहुँच बाटोमा चलने गाडिको चाप बढ्नाले बाटो छिट्टै जिर्ण हुने तथा बाटोमा जताततै खाल्डो बन्न सक्दछ । खाल्डो बन्न गई यस मार्गमा चल्ने अन्य साधनलाई खतरा हुन सक्छ ।

(घ) फोहर तथा जल प्रदुषण

ढुङ्गा, गिट्टी, बालुवाको संकलन\उत्खनन् गर्ने क्रममा कामदारहरुबाट फोहर सिर्जना हुन्छ र खोलाको वातावरण प्रदुषण वढ्न सक्छ । खोलामा शौच गर्ने, खानेकुराहरु फाल्ने, पोखिने, प्लास्टिकहरु यत्रतत्र छरिने संभावना हुन्छ ।



Nepal Environment and Engineering Consultancy Services Pvt. Ltd. NEECOS

तलिका नं ६.१: वातावरण ब्यवस्थापन योजना ( उत्खनन्को समयमा )

| विसय गत क्षेत्र | सकारात्मक प्रभावहरु वढोत्तरीका कृयाकलाप | के के गर्ने | कहाँ गर्ने | कसरि गर्ने | कहिले गर्ने | कसले गर्ने | जनशक्ति, बजेट र समय | अनुगम |
|---|---|---|---|---|---|---|---|---|
| भौतिक क्षेत्र | जल उत्पन्न प्रकोप न्यूनीकरण | १)खोलाको स्रोत वस्तुहरु ( संकलन गर्दा साविक वहावमा अवरोध नहुने गरि संकलन गर्ने २) खोलाको वहावलाई बिचमा केन्दित हुने गरी संकलन गर्ने ३)कामदारलाई तोकिएको मौज्दात परिमाण मात्र संकलन गर्ने जानकारी दिने र होर्डिङ्ग वोर्डमा स्पष्ट खुलाउने ४)सम्बन्धित निकायबाट अनुगमन | सबै संकलन क्षेत्रहरुमा | १) सूचना पाटी राख्नु पर्ने २) संकलन/उत्खनन् कार्यविधि बनाएर गर्नुपर्ने ३) जनचेतना ४) सुख्खा मौसममा किनाराबाट दायां बायां ५—५ मी. सम्म उत्खनन् कार्य नगर्ने | उत्खनन् गर्ने समयमा (आषाढ, श्रावण र भाद्र बाहेक २७५ दिन ) | उत्खनन् कर्ता र नगरपालिका | १० स्थानीय मजदुरहरु, १,००,०००/- उत्खनन् गर्ने समयमा | प्रत्येक महिनामा स्थलगत निरिक्षण विधि खोलाको अवस्था अनुगमन |
| | भौतिक संरचनामा हुने असरमा कमि | १) निकासी ढुवानी हुने मार्ग निर्धारण गरी सोही मार्ग मात्र प्रयोग गर्ने नियमित मर्मत गर्ने | सबै संकलन क्षेत्रहरुमा | १) स्थानिय स्तरको अनुगमन समिति गठन् गर्ने | उत्खनन् गर्ने समयमा | उत्खनन् कर्ता र नगरपालिका | १५ स्थानीय मजदुरहरु, ३,००,०००/— | प्रत्येक महिना खोलाक वरपरक |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | प्राथमिक उपचारका सामाग्रीहरु उपलब्ध गराउने<br>२) कामदारहरुको स्वास्थ्य बिमा गर्ने | | लागि समानहरु उपलव्ध गराउने<br>२) कामदारहरुलाई काम गर्दा हेल्मेट र माक्स, पन्जा अनिबार्य लगाउनु पर्ने | | | उत्खनन् , ढुवानि गर्ने बेला | महिनामा अनुगमन गर्ने |
| | आयश्रोत एवं रोजगारीको अवसर | १) स्थानीय बासिन्दालाई रोजगारको अवसर दिने<br>२) नदीजन्य पदार्थ निकाल्दा नगरपालिकाको आयश्रोत बढाउन वातावरण मैत्री ठेक्का सम्झौता गर्ने | स्थानीय स्थलमा र | १) आई. ई. ई सिफारिस गरेको परिमाण वातावरण मैत्री उत्खनन् सम्झौता गर्ने | आबश्यकता अनुसार प्रत्येक ३, ३ महिनामा | नगरपालिका/ स्थानिय | १० स्थानीय मजदुरहरु, १,००,०००/– उत्खनन् गर्ने समयमा संकलनकर्ता | सम्बन्धित निकायबाट प्रत्येक १.५ महिनामा अनुगमन गर्ने |
| | जैविक विविधता तथा बासस्थानमा असर परे नपरेको | सबै संकलन स्थलको नदीमा | वन र वनस्पतिको अवस्था, बन्यजन्तु र माछाको अवस्था, स्थानीयसँग छलफल | स्थलगत निरिक्षण | आबश्यकता अनुसार प्रत्येक ३, ३ महिनामा | नगरपालिका/ स्थानिय | नगरपालिक, डि.व.का., ठेकदार | सम्बन्धित निकायबाट प्रत्येक १.५ महिनामा अनुगमन गर्ने |

## ६.३ बातावरणीय ब्यवस्थापन योजना कार्यान्वयनका लागि जिम्मेबार निकायहरुको संगठनात्मक स्वरुप

विशेषज्ञ अनुगमन टोलीहरु निम्न रहेका छन् ।

तालिका न.६.३ विशेषज्ञ अनुगमन टोली

| क्र.स. | विशेषज्ञ |
|---|---|
| १ | बातावरण विज्ञ र वातावरण इन्जिनियर |
| २ | सिभिल इन्जिनियर |
| ३ | समाजशास्त्री |
| ४ | वन विज्ञ /जीवशास्त्री |
| ५ | भूर्गवशास्त्री |

Nepal Environment and Engineering Consultancy Services Pvt. Ltd. Kathmandu Nepal

कानूनी तवरले संकलन हुने र त्यसमा पूर्ण रेखदेख गर्नु पर्ने दायित्वमा कार्यभार बढिने साथै राजश्व पनि गुम्ने हुन्छ ।

## ५.२ प्रस्तावकका विकल्पहरु

### ५.२.१ बैकल्पिक क्षेत्र

यथार्थ कुरा गर्दा बालुवा, गिट्टी तथा ढुङ्गा नदी बाहेक अन्य ठाउँमा पाउन कठिन हुने हुँदा प्रस्तावना लागु नहुँदा निमार्ण सामाग्रीको अभाव सृजना हुने देखिन्छ । साथै नदीजन्य यी बस्तुहरु उत्खनन् नगर्दा बाढीको समस्या बढी देखा पर्ने सम्भावना उच्च हुन्छ । तसर्थ यो थेग्रिएका बस्तुहरु निकाश गर्नु बाहेक अरु कुनै बिकल्प छैन । यस्तो अवस्थामा नदीबाट निम्तिने प्राकृतिक प्रकोप रहित स्थानहरुको छनौट गरिन्छ । अध्ययनरत टोलीबाट स्थलगत अध्ययन गर्दा निजी तथा सार्वजनिक संरचना, कुलो सिंचाई योजना पहुँच मार्गको उपलब्धता नदीजन्य वस्तुको उपलब्धताको बारेमा अध्ययन गर्दा प्रस्तावित क्षेत्र उपयुक्त देखियो ।

### ५.२.२ बैकल्पिक समय तालिका एवं विधि

यो नदीमा अत्याधिक बहाव अषाढ देखि भाद्रसम्म हुने गर्दछ । तसर्थ अध्ययनरत टोलीबाट थेग्रिएका वस्तु निकाशको लागि वर्षा बाहेकका नौ महिना (करिब २७५ दिन) उपयुक्त रहने सुझाव दिईएको छ । २४ घण्टा उत्खनन् गर्दा रातको समयमा स्थानीयलाई हल्ला हुने र अनुगमन गर्न नसकिने र जथाभावि उत्खनन् हुन सक्ने हुँदा यो विकल्पलाई अपनाईएको छैन र प्रस्तावित क्षेत्रबाट नदीजन्य पदार्थ ढुङ्गा, गट्टी, बालुवा सूर्योदय देखि सूर्यास्त सम्म मात्र निकाल्ने विकल्पलाई अपनाईएको छ ।

### ५.२.३ वैकल्पीक श्रोत

ढुङ्गा, गिट्टी, बालुवा संकलन तथा उत्खनन्, निकासको लागि अरु विकल्प छैन तर पनि गिट्टी र ढुङ्गाको ठाउँमा ईंट्टा र खानीबाट ढुङ्गा झिक्न सकिन देखिन्छ । तथापि ईंटा तथा ढुङ्गा खानी उद्योग स्थापना गर्दा अतिरिक्त लगानीको आवश्यकता पर्ने तथा खानी तथा ईंटा उद्योगहरुको वातावरणीय प्रदुषणको मात्रा पनि बढी हुने भएको कारण, स्थानीय क्षेत्रमा प्राप्त श्रोत साधन/नदीको तटीय क्षेत्रबाट ढुङ्गा गिट्टी संकलन गर्न सकिने हुँदा यस्ता श्रोत साधन उपयोगी हुने साथै नदीजन्य प्रकोप पनि न्यून हुने देखिन्छ ।



Nepal Environment and Engineering Consultancy Services Pvt. Ltd. NEECOS

## ६.२ अनुगमन र न्यूनिकरणको खर्चको विवरण

आयोजना कार्यान्वयन पूर्व, कार्यान्वयन भइरहेको समयमा र कार्यान्वयन पश्चात नियमित अनुगमन गरिने हुँदा त्यसको लागि निम्न रकम छुट्याइएको छ ।

तालिका न.६.२ अनुगमन र न्यूनिकरणको खर्चको विवरण

| सि.न. | अनुगमन गरिने कृयाकलाप | अनुमानित रकम | अनुगमन गर्ने निकाय |
|---|---|---|---|
| १ | अनुगमन गरिने कृयाकलाप | १,२०,०००।– | नगरपालिका/जि.अ.स./डि.ब.का/भू–संरक्षण, सिंचाई, जल उ.प्र.नि.का. |
| २ | वृक्षारोपण गर्ने , अभिमुखिकरण | १५,०००।– | नगरपालिका/ डि.ब.का |
| ३ | फोहर तथा जल प्रदुषण | १०,०००।– | नगरपालिका |
| ४ | बायु तथा ध्वनि प्रदुषण | १०,०००।– | नगरपालिका |
| ५ | जल उत्पन्न प्रकोपको न्यूनिकरण | १,००,०००।– | नगरपालिका |
| ६ | स्वास्थ्य तथा सुरक्षा | १५,०००।– | नगरपालिका |
| ७ | नदी किनार कटान संरक्षण | १,००,०००।– | नगरपालिका/जि.भू.स.का./डि.ब.का |
| ८ | विकासका संरचनाहरु को संरक्षण | २,००,०००।– | नगरपालिका |
| | **जम्मा** | **५,७०,०००।** | |

## ६.४ अनुगमन तथा वातावरणीय ब्यवस्थापन योजना र समय तालिका

राष्ट्रिय वातावरणीय प्रभाव मूल्याङ्कन निर्दशिका २०५० ले अबस्था अनुसार आधार रेखा अनुगमन (Baseline Monitoring), नियमपालन अनुगमन (Compliance Monitoring) र प्रभाव अनुगमन (Impact Monitoring) गरी ३ प्रकारका अनुगमन प्रस्ताव गरिएका छन् । यस प्रारम्भीक वातावरणीय परीक्षणले गरेका अनुगमन प्रस्तावहरुको विस्तृत विवरण यस प्रकार रहेका छन ।

### क. आधार अनुगमन

आधाररेखा अनुगमनको लागि नगरपालिका जिम्मेवार हुनेछ । अनुगमनको लागि नगरपालिकाले खटाएका कर्मचारीले उत्खनन् स्थलको स्थलगत भ्रमणमा जानेछन । भ्रमणको क्रममा कर्मचारीले नदी\खोलाको तटिए अवस्था, भिर, खोला किनाराको उत्खनन्को अवस्था, नजिकका रुखहरुको अवस्था र नदीको वहावको अवस्थाको वारेमा अध्ययन गर्नेछन । यस प्रकारको अनुगमन प्रत्येक ३।३ महिनामा गर्नुपर्नेछ ।

### ख. नियमपालन अनुगमन

सम्झौता अनुसार वा कानूनी प्रक्रियागत कुराहरु पालन गरे नगरेको अनुगमन गर्ने जिम्मेवारी नगरपालिकाको हुन्छ भने सोको पालना गर्ने दायीत्व ठेकेदार वा संकलनकर्ताको हुन्छ । यसप्रकार नियमपालन गराउने र गर्ने क्रममा हुने अनुगमनमा सम्बन्धीत निकायले तल प्रस्तुत गरे अनुसारको कार्यहरु गर्नु पर्नेछ ।

- प्रारम्भीक वातावरणीय परीक्षणले प्रस्ताव गरेका वातावरणीय न्यूनीकरणका कार्यहरु भए नभएको अनुगमन गर्ने ।
- ठेक्कामा प्रस्तुत भए अनुसारको प्रविधिले उत्खनन् गरे नगरेको वा भए नभएको अनुगमन गर्ने ।
- तोकिएको परिमाण मात्र संकलन भए नभएको अनुगमन गर्ने ।
- भौतिक जैविक र सामाजिक संरचनाहरुको संरक्षण भए नभएको अनुगमन गर्ने ।

